धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।

९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क १२७ ◆ २०८३ मंसिर ६ आइतबार ◆ Sunday, November 22, 2026 ◆ ने सं ११४७ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४◆ मूल्य रु. ५/-

मुख्यमन्त्री थापाद्वारा पनौती नगर अस्पतालको निरीक्षण

❑ *प्रत्यूष समाचारदाता*

काभ्रेपलाञ्चोक ।: बाग्मती प्रदेशका मुख्यमन्त्री किरण थापाले काभ्रे-पलाञ्चोकको पनौतीस्थित नगर अस्पतालको शुक्रबार स्थलगत निरीक्षण गर्नुभएको छ ।

मुख्यमन्त्री थापाले निरीक्षण का क्रममा अस्पतालको वर्तमान अवस्था, स्वास्थ्य सेवा प्रवाह, भौतिक पूर्वाधार तथा उपलब्ध स्वास्थ्य सुविधाबारे जानकारी लिनुभएको थियो । उहाँले नागरिकलाई गुणस्तरीय, सहज र सर्वसुलभ स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले अस्पतालमा आवश्यक सुधार, सेवा विस्तार तथा व्यवस्थापकीय पक्षमा ध्यान दिनुपर्ने विषयमा स्थानीय जनप्रतिनिधि तथा अस्पतालका अधिकारीसँग छलफल गर्नुभएको थियो । सो क्रममा उहाँले अस्पतालको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउँदै स्थानीय नागरिकलाई आफ्नै क्षेत्रमा सहजरूपमा स्वास्थ्य सेवा उपलब्ध गराउन आवश्यक पहल र व्यवस्था-पन सुधार गर्नुपर्नेमा जोड दिनुभएको छ। निरीक्षणका क्रममा मुख्यमन्त्री थापालाई अस्पताल व्यवस्थापन समितिका संयोजक रहनुभएका नगरप्रमुख रामशरण भण्डारीले अस्पातलको निर्माण, व्यवस्थापकीय अवस्था तथा सेवाबारे जानकारी गराउनुभएको थियो । वैशाख पहिलो सातादेखि सञ्चालनमा ल्याइएको अस्पतालमा ल्याब सेवा, विशेषज्ञ सेवा, एक्स-रे मेशिनका सुविधा प्रदान गर्दै आइएको छ । बाग्मती प्रदेश सरकारले गत आर्थिक वर्षमा उपलब्ध गराएको रु ४० लाखबाट अस्पताल सञ्चालनार्थ उपकरण खरीद गरिएको थियो ।

शान्ति प्रक्रियाका बाँकी काम अविलम्ब पूरा गर्न आग्रह

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं । नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' ले विस्तृत शान्ति सम्झौताका बाँकी कामहरू अविलम्ब पूरा गर्न सरकार, राजनीतिक दल र सरोकारवाला पक्षलाई आग्रह गर्नुभएको छ ।

विस्तृत शान्ति सम्झौता भएको दिनको अवसरमा शनिबार एक सन्देश जारी गर्दै उहाँले सङ्क्रमणकालीन न्यायको प्रक्रिया लाई निष्कर्षमा पुऱ्याउनु आजको राष्ट्रिय आवश्यकता भएको बताउनुभएको हो ।

२०६३ मङ्सिर ५ गते तत्कालीन नेपाल सरकारका तर्फबाट प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र विद्रोही नेकपा (माओवादी)का तर्फबाट अध्यक्षका रूपमा आफूले शान्ति सम्झौतामा हस्ताक्षर गरेको स्मरण गर्दै संयोजक दाहालले उक्त सम्झौता नेपाली जनताको त्याग, बलिदान र सङ्घर्षबाट निर्मित राष्ट्रिय सहमतिको दस्तावेज भएको उल्लेख गर्नुभएको छ। उहाँले भन्नुभएको छ, "विस्तृत शान्ति सम्झौताकै जगमा संविधान सभाको निर्वाचन, सङ्घीय लोक-तान्त्रिक गणतन्त्रको स्थापना, समावेशी लोकतन्त्र र संविधान निर्माणजस्ता ऐतिहासिक उपलब्धि हासिल भए । तर, सम्झौताका सबै प्रतिबद्धता अझै पूर्ण रूपमा कार्यान्वयन हुन सकेका छैनन् ।" विशेषगरी द्वन्द्वपीडितलाई न्याय, सत्य निरुपण तथा मेलमिलाप, बेपत्ता पारिएका व्यक्तिको अवस्था सार्वजनिक गर्ने कार्य र सङ्क्रमण कालीन न्यायका बाँकी काम पूरा गर्ने दायित्व अझै बाँकी उहाँको भनाइ छ। शान्ति सम्झौताको मर्म द्वन्द्वको अन्त्य मात्र नभई पीडितलाई न्याय, समाजमा मेलमिलाप र सुशासनसहितको समृद्ध राष्ट्र निर्माण गर्नु रहेको उहाँले स्पष्ट पार्नुभएको छ ।

संयोजक दाहालले सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि जीवन आहुति दिने सहिद तथा बेपत्ता योद्धाहरूप्रति उच्च सम्मान व्यक्त गर्दै शान्ति प्रक्रियामा योगदान पुऱ्याउने राजनीतिक दल, नागरिक समाज, सुरक्षाकर्मी र आम नागरिकप्रति आभार प्रकट गर्नु भएको छ ।

उहाँले शान्ति सम्झौता राष्ट्रिय प्रतिबद्धता भएकाले यसको पूर्ण कार्यान्वयन गर्नु सबैको साझा जिम्मेवारी भएको सन्देशमा उल्लेख गर्नुभएको छ । अर्को प्रसंगमा बोल्नुहुँदै 'प्रचण्ड'ले बदलिँदो युगअनुरुप आगामी चुनावको प्रचार-प्रसारमा सामाजिक सञ्जाल र सूचना प्रविधिको प्रयोगलाई प्राथमिकतामा दिइनुपर्ने आवश्यकतामा जोड दिनुभएको छ । मध्यपुर थिमीस्थित मध्यपुरथिमीमा नेपाली कम्युनिष्ट पार्टी भक्तपुरद्वारा शनिबार आयोजित 'राष्ट्रिय जागरण अभियान' कार्यक्रम मा उहाँले युगको माग र सूचना प्रविधिका क्षेत्रमा आएको परिवर्तनलाई आत्मसात् गर्न नसकिए पछि पर्न सकिनेतर्फ समयमै होसियारी अपनाउन सुझाव दिनुभयो । संयोजक प्रचण्डले भन्नुभयो, "अहिले आइटीको जमाना छ, यसलाई प्रयोग गर्नुपर्छ। प्रयोग गर्न जानेन भने चुनाव जित्न सकिँदैन । पहिलाजस्तो भाषण र सभामा मात्रै सीमित हुनुहुँदैन ।"

संविधान र कानुनअनुसार आगामी जेठ ५ गतेभित्र स्थानीय तहको चुनाव भइसक्नुपर्ने भएकाले राजनीतिक दलसँगको छलफल र परामर्शका आधारमा उपयुक्त समयमा सरकारले निर्वाचनको मिति घोषणा गर्ने विश्वास व्यक्त गर्नुभयो। सोही पार्टीका सहसंयोजक माधवकुमार नेपालले पार्टी नेता र कार्यकर्तालाई स्थानीय तहको आगामी निर्वाचनको तयारीमा जुट्न आह्वान गर्नुभयो । पार्टीका कार्यक्रमलाई विगतभन्दै भद्दा र लामो नबनाइ चुस्त र विषयवस्तु केन्द्रित तुल्याउन सुझाव दिँदै उहाँले पार्टी सङ्गठन सुदृढीकरण र वैचारिक स्पष्टताका लागि देशभर प्रशिक्षण तथा तालिम सञ्चालन गर्न लागिएको स्पष्ट गर्नुभयो ।

खैरहनीमा मेसिनबाट आलु रोपियो

नारायणगढ । गत वर्षदेखि सुरुआत गरिएको मेसिनबाट आलु रोप्ने कार्यलाई यस वर्ष पनि निरन्तरता दिइएको छ। खैरहनी नगरपालिका-१० स्थित कृषक जागरण बहु उद्देश्यीय सहकारी संस्था लिमिटेड मार्फत मेसिन प्रयोग गरी आलु रोपिएको हो ।

आलु रोप्ने मेसिन उपलब्ध नहुँदा बाराबाट भारतमा निर्मित मेसिन भाडामा ल्याएर आलु रोपिएको सहकारीका अध्यक्ष कृष्णप्रसाद अर्यालले बताउनुभयो । सहकारीमार्फत गत वर्ष २०० बिघामा आलु रोपिएकोमा यस वर्ष १०० बिघामा मात्रै रोपिएको उहाँले जानकारी दिनुभयो । गत वर्षदेखि मेसिनबाट आलु रोप्न थालिएको उल्लेख गर्दै उहाँले मेसिन प्रयोग गर्दा खर्च कम हुने र काम गर्न सहज हुने बताउनुभयो। सहकारीमा हाल ८४ किसान आबद्ध छन्। यस वर्ष सहकारीमार्फत रोपिएको १०० बिघामध्ये मेसिनबाट १२ बिघामा आलु रोपिएको उहाँले जानकारी दिनुभयो । मेसिनले आलु र मल एकैसाथ रोप्ने छ ।

खैरहनी नगरपालिकाकी कृषि शाखा प्रमुख सिर्जना श्रेष्ठका अनुसार खैरहनीमा आलु खेतीको क्षेत्रफल ९६ दशमलव ५ हेक्टर रहेको र उत्पादन एक हजार ८०९ दशमलव ३८ मेट्रिकटन रहेको छ। उहाँले खैरहनीमा मेसिनबाट आलु रोप्दा उत्पादन राम्रो भएको र एक कट्ठामा १२ क्विन्टलसम्म फल्ने बताउनुभयो ।

खैरहनीमा एलआर गोलो, विदेशी ब्लु डायमण्ड, स्वदेशी कार्डिनल तथा बेल्जियम रातो लगायतका आलु उत्पादन हुने गरेको छ ।

गन्तव्यको प्रवर्द्धन प्राथमिकतामा

❑ *प्रत्यूष समाचारदाता*

बागमती । हेटौँडा उपमहानगर पालिकाका प्रमुख मीनाकुमारी लामाले हेटौँडासहित आसपासका पर्यटकीय गन्तव्यको प्रवर्द्धन उप महानगरपालिकाको प्राथमिकता मा रहेको बताउनु भएको छ ।

हिमालयन राइडर्स सोसा-इटी, हेटौँडाको आयोजना एवं हेटौँडा उपमहानगरपालिकाको प्रायोजनमा मकवानपुरको पर्यटकीय गन्तव्य बुढीचौरलाई लक्षित गरी आयोजित दोस्रो हिमालयन पर्यटन प्रवर्द्धन राइडको शुभारम्भ गर्दै प्रमुख लामाले गन्तव्यको प्रवर्द्धन गर्दै पर्यटकीय गतिविधि बढाउन सकिने कुरा बताउनुभयो। गन्तव्यको प्रवर्द्धनमा सोसाइटीले गरेका कामको प्रशंसा गर्दै उहाँले यस किसिमका कार्यक्रममा उपमहानगरपालिकाले साथ र सहयोग गरिरहेको बताउनुभयो । साइकलयात्राको माध्यमबाट मकवानपुरगढी गाउँपालिका- ८ स्थित पर्यटकीय गन्तव्य बुढीचौरको प्रचार प्रसार गरी पर्यटन प्रवर्द्धन गर्न आयोजित कार्यक्रममा मकवानपुर र बारा जिल्लाका कूल १५० जनाको सहभागिता रहेको सोसाइटीका अध्यक्ष राजु थापा मगरले जानकारी दिनुभयो ।

पछिल्ला वर्षमा प्राकृतिक, ऐतिहासिक, धार्मिक एवं साहसिक पर्यटनका दृष्टिले आन्तरिक पर्यटकको रोजाइमा परिरहेको बुढीचौरको पर्यटकीय सम्भावना लाई थप उजागर गर्ने उद्देश्य सहित प्रवर्द्धनात्मक साइकलयात्रा गरिएको उहाँले बताउनुभयो । अध्यक्ष थापा मगरका अनुसार हेटौँडा उप महानगर पालिका-४ स्थित हुप्राचौरबाट सुरु हुने साइकलयात्रा कान्ति लोकपथ, चौहडा, शिखर कटेरी, गैरी भञ्ज्याङ, कुर्ले, सुकौरा हुँदै बुढीचौर पुग्ने छ ।

पर्यटनको प्रचुर सम्भावना बोकेको बुढीचौर क्षेत्रमा पर्यटन प्रवर्द्धनको लागि प्रचारप्रसार र प्रवर्द्धन नै कार्यक्रम को मुख्य उद्देश्य रहेको बताउँदै अध्यक्ष थापा मगरले पछिल्ला समयमा प्रकृति प्रेमीसँगै साहसिक पर्यटनमा रुचि राख्नेहरूको रोजाइमा यो गन्तव्य पर्न लागेको जानकारी दिनुभयो । हेटौँडा बजारको व्यस्तताबाट मुक्त हुँदै करिब २५ किलोमिटरको दूरीमा रहेको यस गन्तव्यबाट देखिने मनोरम पहाडी भूदृश्यले पर्यटकलाई निकै लोभ्याउने गरेको उहाँले बताउनुभयो ।

अहिले यहाँस्थित ऋषेश्वर गुफासहितका धार्मिक महत्वका स्थलले पनि यहाँको महिमा र गरिमा अझै बढाएको अध्यक्ष थापा मगरले बताउनुभयो । स्वास्थ्य, पर्यटन र पर्यावरणमा जोड दिँदै आएको सोसाइटीले साइक्लिङका माध्यम बाट मकवानपुरसहित देशका विभिन्न स्थानका पर्यटकीय गन्तव्यको प्रवर्द्धन गरिरहेको छ ।

कात्तिकमा ७० लाखको सामान बरामद

वीरगन्ज । प्रहरीले कात्तिक महिनामा रु ७० लाख ७० हजार बराबरका भन्सार छलीका सामान बरामद गरेको छ। भन्सार छली तथा राजस्व चुहावट नियन्त्रणका क्रममा उक्त सामान बरामद गरिएको हो ।

त्यसैगरी, प्राकृतिक स्रोतको अवैध दोहन नियन्त्रणका क्रममा बालुवा, ढुङ्गा तथा गिट्टी ओसारपसारमा प्रयोग भएका १० वटा ट्र्याक्टर नियन्त्रणमा लिएर रु ५० हजार जरिवाना गरिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लले जानकारी दिनुभयो । अवैध मदिरा नियन्त्रण अभियानअन्तर्गत छ हजार २६३ लिटर तयारी मदिरा र छ हजार ३८० लिटर कच्चा पदार्थ बरामद गर्नुका साथै सोही क्रममा ११ जना पक्राउ परेका छन्। अवैध वन पैदावार नियन्त्रणतर्फ १० वटा सवारीसाधन नियन्त्रणमा लिई ३९ क्युबिक काठ बरामद गरिएको छ ।

कात्तिक महिनामा पर्सा जिल्लामा ३७ सवारीसाधन दुर्घटना भएका थिए ।

सो क्रममा दुर्घटनामा परी दुई जनाको मृत्यु भएको थियो भने २८ जना घाइते भएका थिए । यस्तै ट्राफिक नियम उल्लङ्घन गर्ने ९४१ सवारीसाधनका चालकलाई कारबाही गरी रु १० लाख ८७ हजार राजस्व सङ्कलन गरिएको प्रहरी नायब उपरीक्षक मल्लले जानकारी दिनुभयो ।

एन्फा निलम्बन फुकुवाको प्रक्रिया अघि बढ्यो

काठमाडौं । शिक्षा तथा खेलकुद मन्त्री सस्मित पोखरेलले नेपाली फुटबलमाथि अन्तरराष्ट्रिय फुटबल महासङ्घ (फिफा)ले लगाएको निलम्बन फुकुवाको प्रक्रिया अघि बढेको बताउनुभएको छ ।

थाइल्यान्डमा फिफा र एसियाली फुटबल महासङ्घ (एएफसी) का अध्यक्षसहितका पदाधिकारीसँग छलफल गरेर स्वदेश फर्किनुभएका मन्त्री पोखरेले फिफा अध्यक्ष जियानी इन्फान्टिनो लाई नेपाल भ्रमणको निम्तो समेत दिएको जानकारी दिनुभएको हो । उहाँका अनुसार निलम्बन फुकुवा सँगै फिफा र एएफसी एन्फाको तहगत निर्वाचन गराउन सहमत भएका छन् । निर्वाचन कसरी र कुन प्रक्रियाबाट गर्ने भन्ने विषयमा फिफाले आउँदो डिसेम्बरमा प्रस्ताव सहितको रोडम्याप पठाउनेछ ।

"अब फिफाले नै एन्फा निलम्बन फुकुवाको प्रक्रिया अगाडि बढाउँछ । तहगत निर्वाचनको हकमा पनि डिसेम्बरसम्ममा रोडम्यापको प्रस्ताव लिएर आउने भन्नुभएको छ", मन्त्री पोखरेलले भन्नुभयो। एन्फाको निर्वाचन पुरानै नेतृत्वबाट गर्ने वा अन्तरिम कमिटी बनाएर गर्ने भन्ने विषय भने टुङ्गिन बाँकी रहेको उहाँले बताउनुभयो । "तहगत निर्वाचन गर्ने भन्नेमा सहमति भएको हो । कुन मोडालिटी मा गर्ने, कस्तो गर्ने र कहिले गर्ने भन्ने विषयमा टुङ्गिन बाँकी छ", मन्त्री पोखरेलले भन्नुभयो । उहाँका अनुसार फिफाले नेपाली फुटबलमा सरकारको भूमिकालाई 'थर्ड पार्टी इन्टरफेरेन्स'का रूपमा बुझेको थियो। तर, सरकारले नेपालको आफ्नै कानुन र राज्यको अधिकारबारे स्पष्ट पारेपछि फिफा सकारात्मक बनेको उहाँले बताउनु भयो । "राज्यले गर्ने काम आफैँ गर्छ । देशको कानुन अनुसार काम हुन्छ। त्योभन्दा बाहेक हामीले केही हस्तक्षप गर्दैनौं भनेर उहाँहरूलाई जानकारी गरायौं । त्यसमा उहाँहरू सकारात्मक हुनुभयो", मन्त्री पोखरेलले भन्नुभयो। सरकारले नेपाली फुटबलप्रति देखाएको चासोलाई पनि फिफाले सकारात्मक रूपमा लिएको उहाँको भनाइ छ । एएफसी अवार्ड समारोहमा सहभागी हुन थाइल्यान्ड पुग्नुभएका मन्त्री पोखरेलले फिफा अध्यक्ष इन्फान्टिनो, महासचिव माटियास ग्राफस्ट्रोम र एएफसी अध्यक्ष शेख सलमान बिन इब्राहिम अल खलिफासँग भेटवार्ता गर्नुभएको थियो ।

सम्पादकीय ....

रास्वपा सांसदहरूको चीन भ्रमणले दिएको नकारात्मक सन्देश

राजनीति जनताको सेवा गर्ने माध्यम हो । जनताले आफ्ना समस्या समाधान होऊन्, देशमा सुशासन कायम होस् र विकासले गति लियोस् भन्ने अपेक्षासहित जनप्रतिनिधि चयन गर्छन् । जनताको विश्वास र अपेक्षा अनुसार व्यवहार गर्न नसक्दा राजनीतिक दल तथा जनप्रतिनिधिप्रति निराशा बढ्ने गर्दछ । पछिल्लो समय चीन भ्रमणमा रहेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसदहरूको राजनीतिक विषयमा भएको कुराकानी सार्वजनिक भएपछि यसले विभिन्न प्रश्न जन्माएको छ ।

चिनियाँ कम्युनिस्ट पार्टीको निमन्त्रणामा चीन भ्रमणमा रहेका रास्वपाका सांसदहरूबीच नेपाली कांग्रेसको आन्तरिक विवाद, एमालेको राजनीतिक गतिविधि र अन्य दलको अवस्थाबारे भएको कुराकानी सामाजिक सञ्जालमा सार्वजनिक भएपछि यो विषय चर्चामा आएको हो । विदेश भ्रमणका क्रममा सांसदहरूले अन्य राजनीतिक दलको आन्तरिक विषयमा गरेको टिप्पणीले उनीहरूको राजनीतिक सोच र प्राथमिकताबारे बहस सिर्जना गरेको छ ।

राजनीतिक दलहरूबीच प्रतिस्पर्धा हुनु स्वाभाविक हो । एउटा दलको कमजोरी अर्को दलका लागि अवसर बन्न सक्छ । तर आफ्नो राजनीतिक भविष्य अरू दलको विवाद, फुट र कमजोरीसँग जोडेर हेर्ने प्रवृत्तिले सकारात्मक राजनीतिक संस्कार विकास गर्न सक्दैन । जनताले नयाँ राजनीतिक शक्तिबाट पुरानै राजनीतिक शैलीको निरन्तरता होइन, नयाँ सोच, व्यवहार र कार्यशैलीको अपेक्षा गरेका हुन्छन् । विगतमा सुशासन, पारदर्शिता, भ्रष्टाचार नियन्त्रण र राजनीतिक परिवर्तनका विषयलाई प्राथमिकतामा राख्दै जनताको विश्वास प्राप्त गरेको हो । त्यसैले यस दलका सांसदहरूको बोली र व्यवहारप्रति जनताको चासो हुनु स्वाभाविक हो । नयाँ राजनीतिक दलका प्रतिनिधिहरूले पनि पुराना दलहरूकै जस्तो राजनीतिक दाउपेच र अरूको कमजोरीमा अवसर खोज्ने प्रवृत्ति देखाए भने परिवर्तनको अपेक्षा गरेका नागरिक निराश हुन सक्छन् ।

विदेश भ्रमण केवल घुमफिर वा औपचारिक भेटघाटको विषय होइन । यस्तो भ्रमणबाट अन्य देशको विकास, प्रविधि, आर्थिक समृद्धि, सुशासन र व्यवस्थापनका राम्रा अभ्यास सिकेर स्वदेशमा लागू गर्ने अपेक्षा गरिन्छ । सांसदहरूले आफ्नो अभिव्यक्ति र व्यवहारप्रति थप जिम्मेवार हुनुपर्ने देखिन्छ । अर्कोतर्फ, सामाजिक सञ्जालमा सार्वजनिक भएको कुराकानीलाई लिएर आलोचना गर्दा त्यसको पूर्ण सन्दर्भ र सम्बन्धित सांसदहरूको स्पष्टीकरणलाई समेत ध्यान दिन आवश्यक छ । सार्वजनिक पदमा रहेका व्यक्तिको अभिव्यक्तिको आलोचना हुनु स्वाभाविक भए पनि तथ्यका आधारमा बहस हुनु जरुरी छ । जनताले नयाँ दलबाट नयाँ राजनीतिक संस्कार, जवाफदेहिता र परिणाममुखी कामको अपेक्षा गरेका छन् । अरू दलको कमजोरी गनेर आफ्नो भविष्य सुरक्षित हुँदैन । जनताको विश्वास काम, व्यवहार र इमानदार प्रयासबाट मात्र कायम रहन्छ । चीन भ्रमणमा सांसदहरूबीच भएको कुराकानीले दिएको नकारात्मक सन्देशबाट सबै राजनीतिक दलका जनप्रतिनिधिले पाठ सिक्न आवश्यक छ । राजनीति अरूलाई कमजोर बनाउने प्रतिस्पर्धा होइन, देश र जनताको जीवनस्तर सुधार्ने जिम्मेवारी हो भन्ने कुरा सबैले आत्मसात् गर्नुपर्छ ।

पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

पत्यूष National Daily राष्ट्रिय दैनिक
नीलकण्ठ –३, धादिङबेसी,
फोन ०१०-५२१४३०,९८५११२०८५०
Email : pratyushdainik@gmail.com

वित्तीय संघीयताका लागि गर्नुपर्ने बहस

डा दीपेन्द्र रोकाया

सङ्घीयता कार्यान्वयनको एक दशक पुग्न लाग्दा यसको उपलब्धि, कमजोरी र भावी दिशाबारे गम्भीर समीक्षा गर्नुपर्ने बेला आएको छ । संविधानले सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारलाई अधिकार दिएको छ । तर के ती अधिकारअनुसार काम गर्ने स्रोत, साधन, कर्मचारी र प्रशासनिक संरचना पनि हस्तान्तरण भए ? जिम्मेवारी तल पुग्यो, तर बजेट र निर्णय गर्ने अधिकार माथिमै केन्द्रित रह्यो कि ? नागरिकले सरकार घरदैलोमा आएको अनुभूति गरे कि सरकारी कार्यालय र पदाधिकारी मात्र थपिए ? यस्ता प्रश्नको वस्तुनिष्ठ उत्तर खोज्नु नै अहिलेको आवश्यकता हो ।

२०८३ कात्तिक १६ गते सुर्खेतमा सातै प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्रीहरूको सहभागितामा सम्पन्न प्रदेश आर्थिक मामिला परिषद्को बैठकले वित्तीय सङ्घीयताका यिनै पेचिला विषयलाई राष्ट्रिय बहसमा ल्याएको छ । सङ्घीयता सफल बनाउन अधिकारको बाँडफाँटसँगै वित्तीय स्रोत, प्रशासनिक क्षमता र जिम्मेवारीको न्यायोचित बाँडफाँट हुनुपर्छ। यसका लागि बैठकले मूल चारबुँदे साझा प्रतिबद्धतापत्र जारी गरेको छ। यसमा सङ्घीय सरकारसमक्ष उठाउनुपर्ने साझा मागहरु १० वटा, अन्तर प्रदेश सहकार्य र साझेदारीका लागि चार वटा, सङ्घीयता सुदृढीकरणका लागि सातै प्रदेशको साझा प्रतिबद्धता पाँच वटा र विविधमा तीन विषय छन् ।

अधिकार संविधानमा, नियन्त्रण सङ्घमा

नेपालको संविधानको धारा ५६, ५७ र अनुसूची ५ देखि ९ सम्मले तीन तहका सरकारका अधिकार सूचीबद्ध गरेका छन्। प्रदेशलाई प्रहरी प्रशासन, प्रदेश सडक, कृषि, स्वास्थ्य, सिँचाइ र भूमि व्यवस्थापनलगायत अधिकार दिइएको छ । स्थानीय तहलाई आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य, स्थानीय सडक, खानेपानी, सरसफाइ र स्थानीय कर परिचालनको जिम्मेवारी छ। धारा ६० ले राजस्व बाँडफाँट र वित्तीय हस्तान्तरणको आधार दिएको छ ।

राज्यको स्रोतमा तीनै तहको संवैधानिक हक स्थापित भएको छ तर राजस्व सङ्कलन र स्रोत परिचालनको ठूलो हिस्सा सङ्घमै केन्द्रित छ । खर्च गर्ने जिम्मेवारी प्रदेश र स्थानीय तहलाई दिने तर त्यसअनुसार स्रोत उपलब्ध नगराउने प्रवृत्तिले वित्तीय सङ्घीयताको जग कमजोर बनाएको छ ।

अर्को समस्या अधिकारको अस्पष्टता हो । साझा अधिकारका विषयमा कानुन निर्माणमा ढिलाइ छ। सङ्घीय कानुनसँग प्रदेशका कानुन बाझिने अवस्था छ। प्रदेशको एकल अधिकार क्षेत्रमा समेत सङ्घीय हस्तक्षेपको अनुभूति कायम छ । यसको ज्वलन्त उदाहरण प्रदेश प्रहरी हो । संविधानले प्रदेशलाई प्रहरी प्रशासनको अधिकार दिए पनि अझै प्रदेश प्रहरी हस्तान्तरण हुन सकेको छैन । अधिकार संविधानमा हुने तर कार्यान्वयन सङ्घको नियन्त्रणमा रहने अवस्था अन्त्य नभएसम्म प्रदेश सरकारको औचित्य र प्रभावकारिता स्थापित हुन सक्दैन ।

जिम्मेवारी तल, बजेट माथि

सुर्खेत बैठकमा उठेको विभिन्न महत्वपूर्ण विषय बजेटको असन्तुलित वितरण थियो। नागरिक विकास खोज्दै पालिकामा पुग्छन्, प्रदेशसँग अपेक्षा गर्छन् तर विकासका लागि उपलब्ध बजेटको ठूलो हिस्सा सङ्घमै रहन्छ। बैठकमा हाल ७० प्रतिशत सङ्घ, १५ प्रतिशत प्रदेश र १५ प्रतिशत स्थानीय तहमा रहने बजेट संरचनालाई परिवर्तन गरी ४० प्रतिशत सङ्घ, ३० प्रतिशत प्रदेश र ३० प्रतिशत स्थानीय तहमा पुऱ्याउने प्रस्तावसमेत उठ्यो । यो संवैधानिक अनुपात होइन, स्रोत र जिम्मेवारीबीच सन्तुलन खोज्ने नीतिगत प्रस्ताव हो ।

विश्व बैंकको नेपाल फिस्कल फेडेरालिजम अपडेट २०२४ अनुसार आर्थिक वर्ष २०७९/८० मा स्थानीय तहको कूल राजस्वमा अन्तरसरकारी वित्तीय हस्तान्तरणको हिस्सा ७४.३ प्रतिशत थियो । यसले स्थानीय तहको वित्तीय निर्भरता देखाउँछ । त्यसैगरी, आर्थिक वर्ष २०७५/७६ मा सङ्घीय बजेटको ३३.६ प्रतिशत रहेको प्रदेश तथा स्थानीय तहमा जाने वित्तीय हस्तान्तरण आव २०८३/८४ मा २८.२ प्रतिशतमा झरेको पाइन्छ । जिम्मेवारी बढ्दै जाने तर स्रोतको हिस्सा घट्दै जाने अवस्थाले सङ्घीयताको परिणाम कमजोर बनाउँछ । त्यसैले वित्तीय हस्तान्तरणको सूत्र पुनरावलोकन गरी प्रदेश र स्थानीय तहको खर्च गर्ने क्षमता तथा विकासको आवश्यकताअनुसार स्रोत उपलब्ध गराउनुपर्छ ।

भौगोलिक न्याय र वित्तीय समानीकरण

वित्तीय समानीकरण भनेको सबै प्रदेश र पालिकालाई बराबर रकम बाँड्नु होइन। सबै नागरिकले तुलनायोग्य सार्वजनिक सेवा पाउने अवस्था सिर्जना गर्नु हो। कर्नालीको हिमाली गाउँमा विद्यालय, स्वास्थ्य संस्था वा सडक निर्माण गर्न लाग्ने लागत र तराईको सुगम क्षेत्रमा लाग्ने लागत समान हुँदैन। त्यसैले जनसङ्ख्या लाई मात्र बजेट बाँडफाँटको आधार बनाउनु न्यायोचित हुँदैन । भारतले वित्त आयोगमार्फत जनसङ्ख्या, आयको दूरी, क्षेत्रफल, वन तथा पारिस्थितिक अवस्थालाई आधार बनाउने गरेको छ । क्यानडाको 'इक्वालाइजेशन कार्यक्रम'ले कमजोर राजस्व क्षमता भएका प्रान्तलाई सङ्घीय स्रोतबाट सहायता उपलब्ध गराउँछ। नेपालले पनि भूगोलको विकटता, विकासको पछौटेपन, मानव विकास सूचक, पूर्वाधारको अवस्था र सेवा प्रवाहको लागतलाई वित्तीय हस्तान्तरणको आधार बनाउनुपर्छ । कर्नाली, सुदूरपश्चिम र मधेसका पछाडि परेका बस्तीलाई विशेष प्राथमिकता दिनुपर्छ। समानता भनेको सबैलाई एउटै जुत्ता दिनु होइन, सबैलाई हिँड्न सक्ने बनाउनु हो ।

अधिकारको प्रत्यायोजन

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले वित्तीय समानीकरण, सशर्त, समपूरक र विशेष अनुदानको व्यवस्था गरेको छ तर सशर्त अनुदानको अत्यधिक प्रयोगले प्रदेश र स्थानीय तहको निर्णय गर्ने स्वतन्त्रता खुम्च्याएको छ । सङ्घले योजना छनोट गर्ने, बजेट तोक्ने र कार्यान्वयनको जिम्मेवारी तल्लो तहलाई दिने प्रवृत्ति सङ्घीयताको मर्मविपरीत छ। सशर्त अनुदानलाई राष्ट्रिय प्राथमिकता र न्यूनतम सेवा मापदण्डमा सीमित गर्दै वित्तीय समानीकरण अनुदान बढाउनुपर्छ। प्रदेश र स्थानीय तहले आफ्ना आवश्यकता र प्राथमिकताअनुसार योजना छनोट गर्न पाउनुपर्छ । सङ्घले नियमन, मापदण्ड र नतिजाको अनुगमन गर्नुपर्छ । यससँगै कर्मचारी र प्रशासनिक संरचनाको हस्तान्तरण पनि आवश्यक छ । अधिकार दिएर कर्मचारी नदिने, जिम्मेवारी दिएर बजेट नदिने र परिणाम माग्ने प्रवृत्ति अन्त्य हुनुपर्छ ।

संरचना होइन, सेवा प्रवाहमा सुधार

सङ्घीयता खर्चिलो भयो भन्ने बहस पनि उठ्ने गरेको छ तर सङ्घीयताअघिको प्रशासनिक संरचना पनि खर्चरहित थिएन । केन्द्र, विकास क्षेत्र, अञ्चल, जिल्ला, इलाका, डिभिजन, नगरपालिका र गाविसमा कार्यालय, कर्मचारी, भवन र सवारीसाधन थिए। त्यसैले सङ्घीयताको वास्तविक अतिरिक्त खर्च र पुरानो खर्चको पुनः वितरण छुट्याएर अध्ययन गर्नुपर्छ। प्रदेश र स्थानीय तहका संरचना लोकतान्त्रिक प्रतिनिधित्वका आधार हुन् तर मन्त्रालय, कार्यालय र पदाधिकारी थपिँदै जानुलाई उपलब्धि मान्न सकिँदैन । कार्यभारअनुसार सङ्ख्या करिब नौ र प्रदेशमा पाँचवटासम्म मन्त्रालय भए पुग्ने भन्ने स्वतन्त्र अध्ययनका निष्कर्षलाई पनि सङ्गठन पुनः संरचनाको बहसमा लिन सकिन्छ। हरेक जिल्लामा एउटै कामका लागि सङ्घ, प्रदेश र स्थानीय तहका समानान्तर कार्यालय किन चाहियो ? सङ्घले प्रमुख जिल्ला अधिकारीको कार्यालय, प्रदेशले जिल्लामा एकीकृत विकास कार्यालय स्थापना गरी विभिन्न विषयगत कार्यालयलाई शाखाका रूपमा सञ्चालन गर्नसक्छ। यसले प्रशासनिक खर्च घटाउनुका साथै समन्वय र सेवा प्रवाहलाई प्रभाव-कारी बनाउन सक्छ । अनुगमनका नाममा पूर्व जाँदा पाथीभारा र पश्चिम जाँदा रारा पुग्ने प्रवृत्ति पनि सच्याउनुपर्छ। अनुगमन भनेको घुमफिर वा औपचारिक उपस्थिति होइन, कामको गुणस्तर, बजेटको उपयोग र नागरिकले पाएको उपलब्धिको मूल्याङ्कन हो । हाजिर गरे जागिर र काम गरे अतिरिक्त खर्च खोज्ने प्रवृत्तिले सार्वजनिक प्रशासनलाई कमजोर बनाउँछ। कर्मचारी र जनप्रतिनिधिले आफ्नो जिम्मेवारीलाई सेवा भावसँग जोड्नुपर्छ ।

बजेटको आकारभन्दा उपयोग महत्वपूर्ण

बजेट कम भयो भन्ने गुनासो एकातिर छ भने विनियोजित बजेटको प्रभावकारी परिचालन अर्को चुनौती हो। साना र टुक्रे योजनामा बजेट छर्ने प्रवृत्तिले विकासको प्रतिफल कमजोर बनाएको छ । योजना छनोट गर्दा राजनीतिक पहुँच, व्यक्तिगत स्वार्थ र तत्कालीन लोकप्रियताभन्दा आवश्यकता, सम्भाव्यता र दीर्घकालीन प्रतिफल लाई आधार बनाउनुपर्छ । मधेश प्रदेशले कम्तीमा एक करोड रुपैयाँभन्दा तलका योजना विनियोजन नगर्ने नीति लिन खोजेको विषय यस सन्दर्भमा विचारणीय छ। सबै ठाउँमा एउटै सीमा लागू गर्न सम्भव नहोला, तर साना योजनामा बजेट छर्ने प्रवृत्ति रोक्ने सन्देश सकारात्मक छ । नेपालको भौतिक पूर्वाधारको अवस्था हेर्दा अझै तीन दशकसम्म योजनाबद्ध रूपमा पूर्वाधार निर्माणमा लगानी गर्नुपर्ने देखिन्छ । त्यसैले सडक, सिँचाइ, खानेपानी, शिक्षा र स्वास्थ्यका अधुरा तथा रणनीतिक महत्वका (बाँकी पृष्ठ ३मा)

एचआईभी एड्स बाट बचौं र बचाऔं

- एचआईभी एड्स असुरक्षित यौन सम्पर्क, संक्रमित सुई लगायतका कारणले सर्न सक्छ, त्यसैले:
  - असुरक्षित यौन सम्पर्कबाट जोगिऔं,
  - लागु औषधको दुर्व्यसन वा कुलतबाट टाढा रहौं,
- नियमित स्वास्थ्य परीक्षण गरौं ।



नेपाल सरकार,
विज्ञापन बोर्ड

मागअनुसार रगत संकलनमा चुनौती

भद्रपुर (झापा)। झापामा रगतको माग बढ्दै गए पनि सोहीअनुसार सङ्कलन हुन नसक्दा आवश्यक परेको समयमा बिरामीलाई रगत उपलब्ध गराउन चुनौती बढ्दै गएको छ।

रेडक्रसकर्मी तथा सामाजिक अभियन्ता विष्णु आचार्यका अनुसार जिल्लामा दैनिक १२० युनिटसम्म रगत खपत हुने गरेको छ। तर, रक्तदान गर्नेको सङ्ख्या अपेक्षित रूपमा नबढ्दा बिरामीका आफन्तले रक्तदाता खोज्न सास्ती व्यहोर्नुपरेको छ।

"रगत माग्ने धेरै छन्, तर रगत दिन तयार हुने मानिस भेट्न मुस्किल छ", आचार्यले भन्नुभयो, "रक्तदान गर्नुपर्छ भन्ने चेतना समाजमा अझै पर्याप्त विकास हुनसकेको छैन। जसले गर्दा रगतको अभाव चुलिँदो छ।"

पूर्वी पहाडी जिल्लाबाट समेत उपचारका लागि झापाका अस्पताल आउने बिरामीका आफन्तलाई रक्तदाता खोज्न थप कठिनाइ हुने गरेको उहाँको भनाइ छ। रक्तदानको महत्त्वबारे सर्वसाधारणलाई सचेत गराई नियमित रक्तदान कार्यक्रम सञ्चालन गर्नुपर्नेमा आचार्यले जोड दिनुभयो। उहाँले स्थानीय तह, सामाजिक सङ्गसंस्था, सहकारी, शैक्षिक संस्था तथा व्यावसायिक प्रतिष्ठानलाई नियमित रक्तदान कार्यक्रम सञ्चालन गर्न आग्रह गर्नुभएको छ।

विशेषगरी जाडो मौसममा रक्तदान कार्यक्रम कम हुनसक्ने भएकाले सम्भावित अभाव लाई न्यूनीकरण गर्न अहिलेदेखि नै अभियान सञ्चालन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो। पछिल्लो समय सडक दुर्घटना लगायका उपचारहरुमा सहयोगका लागि समेत रगतको अभाव रहेको बताइएको छ।

वित्तीय संघीयता .....

आयोजनालाई प्राथमिकता दिनुपर्छ। प्रदेश र स्थानीय तहले कानुनबमोजिम आन्तरिक ऋण परिचालन गर्न सक्ने व्यवस्था भए पनि यसको अभ्यास कमजोर छ। ऋण लिनु उपलब्धि होइन; उत्पादनशील पूर्वाधार र दीर्घकालीन प्रतिफल दिने आयोजनामा लगानी गर्न सक्ने क्षमता महत्वपूर्ण हो। यसका लागि आयोजना बैंक, सम्भाव्यता अध्ययन र वित्तीय अनुशासन आवश्यक छ।

साझेदारीबाटै सङ्घीयताको सबलीकरण

सङ्घले राष्ट्रिय आर्थिक स्थायित्व, न्यायोचित राजस्व बाँडफाँट र राष्ट्रिय मापदण्डको जिम्मेवारी लिनुपर्छ। प्रदेशले प्रदेशस्तरीय पूर्वाधार, स्थानीय तहबीच समन्वय र आन्तरिक असमानता घटाउने काम गर्नुपर्छ। स्थानीय तहले नागरिकका आधारभूत आवश्यकता पूरा गर्ने, स्थानीय राजस्व बढाउने र सेवा प्रवाह प्रभावकारी बनाउने जिम्मेवारी लिनुपर्छ। संविधानको धारा २३२ ले तीनै तहको सम्बन्ध सहअस्तित्व, समन्वय र सहकारितामा आधारित हुने व्यवस्था गरेको छ। त्यसैले जसरी सङ्घले प्रदेशको कार्यक्षेत्रमा अनावश्यक हस्तक्षेप गर्नुहुँदैन, त्यसरी नै प्रदेशले पनि स्थानीय तहको अधिकार क्षेत्रमा प्रवेश गर्नु हुँदैन। अधिकारको सम्मान तीनै तहबाट समान रूपमा हुनुपर्छ। कर्मचारी र जनप्रतिनिधिको अर्को महत्वपूर्ण पक्ष आफ्नो कार्यक्षेत्रको पैरवी हो। जो जहाँ जिम्मेवारी मा छ, त्यहाँको आवश्यकता र अधिकारका पक्षमा दृढतापूर्वक बोल्नुपर्छ तर आफ्नो कार्यक्षेत्रबाट अर्को ठाउँमा पुगेपछि त्यहाँको समस्या र आवश्यकतालाई बिर्सनु हुँदैन। कर्नालीको पक्षमा बोल्नेले मधेशको समस्या पनि बुझ्नुपर्छ। मधेसको पक्षमा बोल्नेले हिमाली भूगोलको कठिनाइ पनि आत्मसात् गर्नुपर्छ। सङ्घीयता भनेको आआफ्नो क्षेत्रको स्वार्थ मात्र होइन, समग्र राष्ट्रको सन्तुलित विकासका लागि साझा पैरवी हो। अब अन्तरसरकारी वित्त व्यवस्थापन ऐनको पुनरावलोकन, वित्तीय हस्तान्तरणको न्यायोचित सूत्र, अधिकारको स्पष्ट कार्यविभाजन, प्रशासनिक पुनः संरचना र प्रदेशको वित्तीय स्वायत्तता कार्यान्वयनका प्राथमिकता बन्नुपर्छ। प्रदेश आर्थिक मामिला परिषद्ले सातै प्रदेशका साझा समस्या पहिचान गरी संयुक्त सुझाव सङ्घीय सरकारसमक्ष प्रस्तुत गर्ने नियमित संयन्त्रका रूपमा काम गर्नसक्छ।

सङ्घीयताको सफलता मन्त्रालयको सङ्ख्या, पदाधिकारीको सङ्ख्या वा बजेटको आकारले मापन हुँदैन। नागरिकले पाउने सेवाको गुणस्तर, विकासको पहुँच र अवसरको समानताले मापन हुन्छ। सङ्घले अधिकार र स्रोत आफैंमा केन्द्रित गरेर प्रदेश तथा स्थानीय तहबाट परिणाम खोज्न मिल्दैन। प्रदेशले पनि सङ्घको मुख ताकेर बस्न मिल्दैन। स्थानीय तहले आफ्नो जिम्मेवारीबाट पन्छिन मिल्दैन। प्रदेश सरकारले विगत नौ वर्षमा गरेका कामको तथ्य र उपलब्धि नागरिकसमक्ष प्रस्तुत गर्न सक्नुपर्छ। कमजोरी स्वीकारेर सुधार गर्नुपर्छ। अधिकार पाएर काम गर्न नसक्ने सरकारको क्षमता बढाउनुपर्छ। जिम्मेवारी पाएर बजेट नपाउने सरकारलाई स्रोत दिनुपर्छ। अनावश्यक मन्त्रालय र कार्यालय घटाउनुपर्छ। आन्तरिक राजस्व परिचालन कमजोर भए त्यसलाई बढाउनुपर्छ।

यसैले सङ्घीयताको परीक्षा सिंहदरबारबाट कति अधिकार बाँडियो भन्नेमा होइन, कर्नालीको दुर्गम गाउँमा कति विकास पुग्यो भन्नेमा हुन्छ। प्रदेश बलियो नभई स्थानीय तह बलियो हुँदैन, स्थानीय तह बलियो नभई नागरिक बलिया हुँदैनन्। अधिकारको विकेन्द्रीकरण सँगै वित्तीय स्रोतको न्यायोचित विकेन्द्रीकरण, प्रशासनिक क्षमता र जिम्मेवारीको इमानदार कार्यान्वयन हुनसके मात्र सङ्घीयता संविधानका पानाबाट नागरिकको जीवनमा पुग्नेछ। यही नै वित्तीय सङ्घीयताका गाँठा फुकाउने र सङ्घीयतालाई सबल बनाउने बाटो हो।

फोहरलाई स्रोतका रूपमा उपयोग गर्न प्रेरित गर्दै 'आरयू फेस्ट'

गण्डकी। फोहरलाई व्यवस्थापन गर्नुपर्ने समस्याका रूपमा मात्र नभई आर्थिक मूल्य सिर्जना गर्न सकिने स्रोतका रूपमा उपयोग गर्न पोखरामा आयोजित 'आरयू फेस्ट-२०२६' ले प्रेरित गरेको छ।

फोहरजन्य वस्तुको पुनः प्रयोग र प्रशोधनमार्फत उद्यम शीलता विकास, रोजगारी सिर्जना तथा वातावरण संरक्षणको सन्देश दिन पोखरा महानगर पालिकाले बुधबार र बिहीबार दुईदिने उत्सव आयोजना गरेको हो। कोरिया अन्तरराष्ट्रिय सहयोग नियोगको आर्थिक तथा संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमको प्राविधिक सहयोगमा सञ्चालित 'रिसाइक्लिङ र अपसाइक्लिङमार्फत हरित रोजगारी सिर्जना परियोजना' अन्तर्गत आयोजित यो दोस्रो संस्करण हो। उत्सवमा पुनःप्रयोग र प्रशोधनबाट तयार पारिएका सामग्रीको प्रदर्शनी तथा बिक्री, फेसन शो, नाटक, कार्यशाला, खेल तथा कलासम्बन्धी गतिविधि सञ्चालन गरिएका थिए।

फोहरप्रतिको परम्परागत सोच परिवर्तन गरी त्यसको उपयोगिता र सम्भावना पहिचान गर्न उत्सवले सहयोग पुगेको अवलोकनकर्ताले बताएका छन्। पोखरा महानगरपालिका-१८ सराङकोटका सूर्यप्रसाद तिमिल्सिनाले फोहरको सदुपयोगसम्बन्धी ज्ञान, सीप, प्रविधि र नवप्रवर्तनबारे जानकारी लिन उत्सव उपयोगी भएको बताउनुभयो। "हरेक व्यक्ति र परिवारमा यसरी नै सचेतना पुर्याउन सकियो भने घरघरबाट निस्कने फोहरमा धेरै कमी आउँछ", उहाँले भन्नुभयो, "यस्तो उद्यममा लागेकाहरूलाई प्रोत्साहित गर्ने नीति राज्यले ल्याउनुपर्छ।"

एसओएस हर्मन माइनर विद्यालय गण्डकीमा कक्षा १० मा अध्ययनरत छात्रा ग्रिष्मा चिलुवालले उत्सवले फोहरप्रतिको नकारात्मक सोच परिवर्तन गर्न सहयोग गरेको बताउनुभयो। फोहरलाई पुनःप्रयोग गरेर उपयोगी सामग्री बनाउन सकिने कुरा उत्सवबाट सिक्न पाएको उहाँको भनाइ थियो।

पुराना पत्रिकाबाट सीसा कलम उत्पादन गर्दै आउनुभएकी उद्यमी सिर्जना तिवारीले आफ्ना उत्पादनको प्रदर्शनी तथा बजारीकरण का लागि उत्सव उपयोगी भएको बताउनुभयो। उहाँसहित पाँच जना महिलाले डेढ वर्षदेखि 'पोखरेली सीसाकलम' उद्यम सञ्चालन गर्दै आएका छन्।

"पढिसकेपछि खेर जाने पत्रिकालाई पुनःप्रयोग गरेर सीसाकलम उत्पादन गर्दै आएका छौं", उहाँले भन्नुभयो, "स्टेशनरी पसल, विद्यालय र होटलबाट माग आउने गरेको छ। बजारमा पाइने अन्य सीसाकलमभन्दा यसको मूल्य केही बढी छ।" उत्सवमा प्लास्टिक, बोतल, कपडा र कागजलगायत फालिएका वस्तु पुनःप्रयोग तथा प्रशोधन गरेर बनाइएका सामग्री प्रदर्शनी तथा बिक्रीमा राखिएका थिए। फोहरबाट बनाइएका खेलौनादेखि इकोब्रिकसम्मका सामग्रीले पुनःप्रयोगको सम्भावना देखाएका थिए।

अपसाइकल फेसन शोदेखि नाटकसम्म

उत्सवमा फोहरजन्य वस्तुबाट उत्पादित सामग्रीको प्रदर्शनी र बिक्रीसँगै दिगो फोहर व्यवस्थापन, चक्रीय अर्थतन्त्र तथा प्लास्टिक प्रदूषण न्यूनीकरणसम्बन्धी गतिविधि पनि सञ्चालन गरिएका थिए। पुराना तथा प्रयोगविहीन कपडाबाट तयार पारिएका पहिरन मा युवायुवतीले प्रस्तुत गरेको अपसाइकल फेसन शो आकर्षणको केन्द्र बनेको थियो। प्रयोग भइसकेका कपडा र अन्य सामग्री लाई पुनःप्रयोग गरी तयार पारिएका पोसाक तथा झोलाको प्रदर्शन गरिएको उक्त कार्यक्रममा विद्यार्थी तथा मुख्यमन्त्रीलगायतले अवलोकन गरेका थिए।

पोखरा थिएटरले 'आरयू' नाटक मञ्चन गरेको थियो भने बालबालिकामा फोहर व्यवस्थापन, पुनःप्रयोग र वातावरण संरक्षण सम्बन्धी चेतना अभिवृद्धि गर्ने उद्देश्यले तयार पारिएको कथा पुस्तक पनि विमोचन गरिएको थियो। उत्सवमा सहभागी गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले फोहरलाई विसर्जन गर्नुपर्ने वस्तुका रूपमा मात्र हेर्ने परम्परागत सोच परिवर्तन गर्न उत्सवले सहयोग गरेको बताउनुभयो। फोहरको पुनःप्रयोग र प्रशोधनबाट नयाँ उत्पादन तथा रोजगारी सिर्जना गर्न सकिने उहाँको भनाइ थियो।

विश्वले सामना गरिरहेका प्रमुख वातावरणीय चुनौतीमध्ये फोहर व्यवस्थापन पनि एक भएको उल्लेख गर्दै उहाँले प्राकृतिक स्रोतको संरक्षण, स्थानीय उद्यमशीलताको विकास र रोजगारी सिर्जनाका लागि फोहरलाई मोहरमा रूपान्तरण गर्नुपर्नेमा जोड दिनुभयो। पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले रिसाइक्लिङ तथा अपसाइक्लिङमा आधारित उद्यमलाई बजारसम्म पहुँच र बिक्रीका अवसर उपलब्ध गराउने उद्देश्यले उत्सव आयोजना गरिएको बताउनुभयो। उत्सवले फोहर व्यवस्थापनमा संलग्न उद्यमी, पर्यटन क्षेत्र, निजी कम्पनी तथा सर्वसाधारणबीच सम्बन्ध र सहकार्य विस्तार गर्न सहयोग पुगेको उहाँको भनाइ थियो। फोहरको पुनःप्रयोग र प्रशोधनबाट नयाँ उत्पादन, रोजगारी सिर्जना तथा चक्रीय अर्थतन्त्रको विकास गर्न परियोजना सञ्चालन गरिएको उहाँले बताउनुभयो।

परियोजनाका सहजकर्ता नेत्र तिमिल्सिनाका अनुसार उत्सवमा रिसाइक्लिङ तथा अपसाइक्लिङसम्बन्धी उद्यमका ४२ वटा बिक्री तथा प्रदर्शनीकक्ष राखिएका थिए। फोहरलाई समस्याका रूपमा मात्र नभई पुनःप्रयोग र प्रशोधनमार्फत आर्थिक तथा वातावरणीय मूल्य सिर्जना गर्न सकिने स्रोतका रूपमा स्थापित गर्नु उत्सवको मुख्य उद्देश्य रहेको उहाँले बताउनुभयो।

परियोजनाले प्रयोग गर्ने र फाल्ने परम्परागत अभ्यासको सट्टा चक्रीय अर्थतन्त्रमा आधारित रिसाइक्लिङ तथा अपसाइक्लिङ उद्यम स्थापनामा जोड दिएको छ। यस परियोजनामार्फत तीन हजार जनालाई प्रत्यक्ष रोजगारीमा जोड्ने लक्ष्य राखिएको छ।

सहजकर्ता तिमिल्सिनाका अनुसार पोखरामा हाल रिसाइक्लिङ तथा अपसाइक्लिङमा आधारित २३ वटा उद्यम तथा व्यवसाय सञ्चालन मा छन्। त्यस्ता उद्यमलाई परियोजनामार्फत प्राविधिक तथा उपकरण सहयोग उपलब्ध गराइँदै आएको छ।

भोटेकोशी विपद्लाई विश्वका लागि चेतावनीका रूपमा प्रस्तुत

काठमाडौं। नेपालले जलवायु परिवर्तनबाट प्रभावित हिमाली तथा पर्वतीय क्षेत्रका सवाललाई अन्तर-राष्ट्रिय जलवायु वार्ताको केन्द्रमा स्थापित गर्न कोप-३१ मा विशेष पहल गरेको छ।

पर्वतीय क्षेत्रको जलवायु जोखिम, भोटेकोशी बाढीको क्षति, जलवायु न्याय र अनुकूलनका सवाललाई नेपालले यस सम्मेलनमा प्राथमिकताका साथ उठाएको हो। कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले कोप-३१ सम्मेलनमा अवस्थित नेपाल पेभिलियनको बिहीबार समापन कार्यक्रममा नेपालको पर्वतीय एजेन्डा केवल नेपालको सरोकार नभई विश्वव्यापी जलवायु सङ्कटसँग जोडिएको साझा मुद्दा भएको बताउनुभएको मन्त्रालय ले जनाएको छ।

"नेपाल अन्ताल्यामा हिमालसम्बन्धी स्पष्ट एजेन्डाका साथ आएको थियो। यो पेभिलियन हाम्रा पीडा, सवाल र एजेन्डाहरू साझा गर्ने साझा मञ्च बनेको छ", उहाँले भन्नुभयो।

मन्त्री चौधरीले आफू कोप प्रक्रियामा सहभागी हुँदा मन्त्रीका रूपमा मात्र नभई पर्वतीय एजेन्डा लाई अन्तरराष्ट्रिय जलवायु बहसमा समावेश गर्न चाहने लाखौं नेपाली जनताको प्रतिनिधिका रूपमा उपस्थित भएको बताउनुभयो। रसुवा-भोटेकोशी बाढीबाट प्रभावित जनताको आवाजलाई अन्तरराष्ट्रिय समुदायसमक्ष पुर्याउनु पनि आफ्नो जिम्मेवारी भएको उहाँको भनाइ थियो। उहाँले भोटेकोशी बाढीमा ज्यान गुमाएका सबै नेपाली र विदेशी नागरिकप्रति श्रद्धाञ्जली अर्पण गर्दै उनीहरूका परिवार, आफन्त तथा सम्बन्धित देशप्रति नेपाल सरकार र नेपाली जनताको तर्फबाट समवेदना व्यक्त गर्नुभयो। नेपालमा पर्यटक, कामदार, विज्ञ, इन्जिनियर, लगानी-कर्ता तथा पूर्वाधार निर्माणका साझेदारका रूपमा आएका विदेशी नागरिकको मृत्यु नेपाल र उहाँहरूका गृहदेश दुवैका लागि साझा क्षति भएको मन्त्री चौधरीले उल्लेख गर्नुभयो। "यस त्रासदीबाट सिकेर र भविष्यमा यस्ता विपद् रोकथामका लागि काम गरेर हामी उहाँहरूको स्मृतिलाई सम्मान गर्नेछौं", मन्त्री चौधरीले भन्नुभयो। भोटेकोशी बाढी नेपालका लागि मात्र नभई विश्व समुदायका लागि पनि एउटा चेतावनी भएको उल्लेख गर्दै उहाँले जलवायु परिवर्तन नेपाली जनताले प्रत्यक्ष भोगिरहेको यथार्थ भएको बताउनुभयो। उहाँका अनुसार पर्वतीय क्षेत्रमा देखिने जलवायुजन्य जोखिमले हिमालदेखि तल्लो तटीय क्षेत्रसम्मका समुदायलाई प्रभावित पार्दछ।

पर्वतीय एजेन्डाका

मन्त्री चौधरीले कोप-३१ का क्रममा नेपालको पर्वतीय एजेन्डालाई प्रभावकारी बनाउन विभिन्न देशका मन्त्री, जलवायु वित्तसम्बन्धी संयन्त्रका प्रमुख, संयुक्त राष्ट्रसङ्घीय निकाय तथा अन्य अन्तरराष्ट्रिय संस्थाका प्रतिनिधिसँग द्विपक्षीय छलफल गरिएको जानकारी दिनुभयो। उहाँले नेपालको तर्फबाट वार्तामा सहभागी मन्त्री, सांसद, विज्ञ, सञ्चारकर्मी तथा विभिन्न प्रतिनिधि मण्डलका सदस्यले गरेको योगदानको प्रशंसा गर्नुभयो। वार्ताका क्रममा कठिन विषयमा सहमति जुटाउन प्रतिनिधिहरूले लामो समयसम्म काम गरेको उल्लेख गर्दै उहाँले उनीहरूको धैर्य, लगनशीलता र प्रतिबद्धताले बहुपक्षीय प्रक्रियालाई अघि बढाउन सहयोग पुगेको बताउनुभयो।

मन्त्री चौधरीले टर्किए सरकार र कोप-३१ अध्यक्षता, विकास साझेदार, अन्तरराष्ट्रिय संस्था, नागरिक समाज, युवा, निजी क्षेत्र तथा नेपाल पेभिलियनको व्यवस्थापन मा संलग्न टोलीलाई धन्यवाद दिनुभयो।

उहाँले जलवायु सङ्कटको सामना कुनै पनि समुदायले एक्लै गर्न नपरोस् भन्ने साझा प्रतिबद्धताका साथ सम्मेलनबाट फर्कन सबै प्रतिनिधिलाई आग्रह गर्नुभयो।

नेपाल पेभिलियनमा ४७ कार्यक्रम

कोप-३१ अन्तर्गत यहि नोभेम्बर ९ देखि १९ सम्म नेपाल पेभिलियनमा जलवायु परिवर्तनसँग सम्बन्धित ४७ वटा कार्यक्रम आयोजना भएका छन्। ती कार्यक्रममा उपलब्ध विवरणअनुसार २८८ जना वक्ताको सहभागिता रहेको थियो। पर्यावरण मन्त्रालयको नेतृत्वमा स्थापना गरिएको नेपाल पेभिलियनमा सरकारी निकाय, राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैर सरकारी संस्था, अनुसन्धान संस्था र विकास साझेदारहरूले विभिन्न कार्यक्रम सञ्चालन गरेका थिए। पर्यावरण मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, राष्ट्रिय प्रकृति संरक्षण कोष, वन विभाग, जल तथा मौसम विज्ञान विभाग, अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड), एसियाली विकास बैंक, संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम, विश्व स्वास्थ्य सङ्गठन, अन्तरराष्ट्रिय जल व्यवस्थापन संस्थान, अन्त-राष्ट्रिय कृषि अनुसन्धान परामर्श समूह, प्राक्टिकल एक्सन, हेफर इन्टरनेसनल, अक्सफाम, सेभ द चिल्ड्रेन, क्रिएसन, एनजीओ फेडेरेसन अफ नेपाल र प्राकृति रिसोर्सेस सेन्टरलगायत संस्थाले नेपाल पेभेलियनमा विभिन्न विषयका कार्यक्रम गरे।

नेपाललाई वैदिक ज्ञान र धार्मिक पर्यटनको केन्द्र बनाउनुपर्छः स्वामी कमलनयनाचार्य

नारायणगढ । चार दशकदेखि मुलुकमा सनातन वैदिक धर्मको प्रवर्द्धन तथा धार्मिक पर्यटन विकासको अभियानमा रहनुभएका मुक्तिनाथ पीठाधीश्वर स्वामी कमलनयनाचार्य नेपाललाई वैदिक ज्ञान र धार्मिक पर्यटनमा विश्वकै प्रमुख गन्तव्य एवं केन्द्र बनाउनुपर्ने बताउनुहुन्छ। मुलुकमा आफूले सुरु गरेको वैदिक सनातन धर्मको संरक्षण र प्रवर्द्धन, नेपालका ऐतिहासिक, पौराणिक एवं पवित्र तीर्थस्थलहरुको पहिचान र प्रचार, गण्डकीसहित शालग्राम सभ्यताको संरक्षण र मुक्तिनाथको सेवाको प्रमुख उद्देश्य पनि यही रहेको उहाँको भनाइ छ।

पछिल्लो समय नेपाललाई वैदिक ज्ञान र दर्शनको विश्वको एक प्रमुख गन्तव्य बनाउन वैदिक विश्वविद्यालय स्थापना गर्नुपर्नेमा स्वामी कमलनयनाचार्यको जोड छ। नवलपरासीको त्रिवेणीधामस्थित गजेन्द्र मोक्ष दिव्यधाममा यही मङ्सिर १ देखि सुरु भएको अष्टाचल धनधान्यचल विराट महायज्ञ पनि यही बृहत् सङ्कल्पकै एक कडी हो।

सो महायज्ञका लागि मुक्तिनाथबाट सुरु भएको एकमहिने रथयात्रा गत कात्तिक ३० गते उक्त धाममा आइपुगेको थियो । त्यसै अवसरमा राससँग कुराकानी गर्दै उहाँले भन्नुभयो, “नेपालमा अनेकौं विश्वविद्यालय छन् । संस्कृत विश्वविद्यालय पनि छ । तर वैदिक ज्ञान, पूर्वीय दर्शन र वाङ्मयको संरक्षण, अनुसन्धान तथा अन्तराष्ट्रिय अध्ययनका लागि विशिष्ट वैदिक विश्वविद्यालयको आवश्यकता छ । अबको मेरो नयाँ लक्ष्य भनौं या सङ्कल्प यही हो ।” धार्मिक या सनातनी कार्य भनेको पूजा, पाठ र यज्ञमा मात्र सीमित नराखी यसमार्फत सामाजिक रूपान्तरण, शिक्षा र संस्कृतिको विकास एवं राष्ट्रिय समृद्धि निर्माण हुनुपर्ने स्वामी कमलनयनाचार्यको भनाइ छ । काठमाडौं र भक्तपुर सङ्गमको पञ्चमहालक्ष्मी श्रीपीठ, बागलुङको पञ्चकोट सर्वसिद्धिधाम, मुक्तिनाथ जाने साधुसन्त तथा तीर्थयात्रीको सेवा तथा आश्रम, गौसेवा र अनेकौं संस्कृत वेद विद्याश्रम, गजेन्द्रमोक्ष दिव्यधाम आदिको निर्माण उहाँको अभियानका पछिल्ला केही तीर्थस्थल र धार्मिक पर्यटकीय पूर्वाधार हुन्।

स्वामी कमलनयनाचार्यले अखण्ड ज्योति बाबा श्रीजी च्यारिटेबल ट्रष्ट र नेपाल तीर्थस्थल विकास राष्ट्रिय समितिको अगुवाइमा धार्मिक तथा सामाजिक अभियान सञ्चालन गर्दै आउनुभएको छ । यो पछिल्लो महायज्ञको महत्वपूर्ण उद्देश्य श्रीमुक्तिनाथ पीठ वेद विद्याश्रमलाई स्तरोन्नति गर्दै वैदिक विश्वविद्यालय स्थापना गर्नु हो । साथै गजेन्द्रमोक्षको पौराणिक महिमा र नेपालको धार्मिक पहिचानलाई विश्वसमक्ष स्थापित गर्ने माध्यम पनि हो । उहाँ भन्नुहुन्छ, “हामीले हाम्रा धार्मिक, सांस्कृतिक सम्पदालाई प्रवर्द्धन गर्नसके नेपाल विश्वकै महत्वपूर्ण आध्यात्मिक गन्तव्य बन्न सक्दछ। अहिले दुनियाँ शान्ति, पूर्वीय दर्शन र चिन्तनमा आकर्षित छ । यस कार्यको प्रमुख केन्द्र अथवा उत्कृष्ट गन्तव्य नेपाल नै बन्न सक्दछ र बनाउनुपर्छ ।” विश्वका वैदिक सनातन धर्मावलम्बीको आस्थाको धरोहर मुक्तिनाथ धाम प्रतिको समर्पण स्वामी कमल-नयनाचार्यको जीवनको महत्वपूर्ण पक्ष हो। उहाँले मुक्तिनाथ क्षेत्रको धार्मिक सेवा र तीर्थयात्रीको सुविधाका लागि करिब चार दशकदेखि काम गर्दै आउनुभएको छ । त्यहाँ साधुसन्त, तीर्थयात्री र बिरामीको सेवामा विभिन्न सेवा परियोजना सञ्चालनमा छन् ।

मुक्तिनाथको धार्मिक महिमा विश्वका प्रसिद्ध तीर्थस्थलभन्दा माथि रहेको भए पनि आफ्नै तीर्थस्थलको पर्याप्त प्रचार गर्न नसकिएको स्वामी कमलनयनाचार्यको गुनासो छ । मुक्तिनाथको धार्मिक महिमा देशभर फैलाउने उद्देश्यले नै मुक्तिनाथ रथयात्रा सुरु गरिएको थियो ।

यस वर्ष गत कात्तिक ८ गते सुरु भएको रथयात्रा सम्पूर्ण देश दर्शन गरी ३० गते गजेन्द्रमोक्ष धाम पुगेको हो ।

उहाँले भन्नुभयो “यस रथयात्राको उद्देश्य धार्मिक अनुष्ठानमा मात्र सीमित नरही राष्ट्रिय एकताको भावना जागृत गर्नु, सामाजिक सद्भाव र सहिष्णुता अभिवृद्धि गर्नु, सनातन संस्कृतिका मौलिक मूल्य-मान्यताको संरक्षण गर्नु र नेपालका गौरवशाली धार्मिक सम्पदालाई नयाँ पुस्तामाझ परिचित गराउनु हो ।” रथयात्रासँगै गण्डकीको जल, हरिद्वारमा सम्पन्न महायज्ञको कलश र धार्मिक प्रतीक ल्याइएको तथा यसले मुक्तिनाथ र गण्डकी क्षेत्रको धार्मिक महत्वको प्रचारमा सहयोग पुग्ने उहाँको अपेक्षा छ। स्वामी कमलनयनाचार्य गण्डकी नदी र शालग्रामको सम्बन्धलाई नेपालको विशिष्ट धार्मिक पहिचानका रूपमा व्याख्या गर्नुहुन्छ ।

पुतलीडाडा जोड्ने पदमार्ग पहिचान

म्याग्दी । म्याग्दीको धवलागिरी गाउँपालिका-५ मा रहेको पर्यटकीय सम्भावनायुक्त पुतलीडाडाँ जोड्ने पदमार्ग पहिचान भएको छ ।

मल्कबाडका जनप्रतिनिधि, अगुवा र प्राविधिकको टोलीले समुन्द्रि सतहदेखि तीन हजार ४५३ मिटर उचाईमा आकर्षक दृष्य अवलोकन स्थलको सम्भावना बोकेको पुतलीडाडा जोड्ने पदमार्ग पहिचान गरेका हुन् । परापुर्वकालदेखि नै मल्कबाडका बासिन्दा लेकको बुकीमा घरपालुवा जनावरको घुम्ती गोठ लैजान र गाउँ फर्काउन प्रयोग गर्दै आएको बाटो पछ्याउदै पर्यटकीय पदमार्ग पहिचान गरेको धवलागिरी गाउँपालिका-५ का वडा अध्यक्ष अमर छन्त्यालले बताउनुभयो ।

“प्रशस्त सम्भावना भएर पनि ओझेलमा परेको पुतलीडाडाँलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने उद्देश्यले मल्कबाडदेखि मयालेडाडा हुँदै त्यहाँसम्म पुग्ने परम्परागत मार्ग पहिचान गरेका हौ,” उहाँले भन्नुभयो “पूर्वाधार निर्माण र प्रवर्द्धनका क्रियाकलापलाई सँगसँगै अघि बढाएका छौं ।” मल्कवाडदेखि चार घण्टा उकालो पैदलयात्रा गरेपछि पुतलीडाडाँमा पुगिन्छ । पदमार्ग निर्माणका साथै पुतलीडाँडालगायत मल्कबाडको इतिहाँस झल्किने बृत्तचित्र तयार पार्न लागिएको वडा अध्यक्ष छन्त्यालले बताउनुभयो ।

गाउँपालिका र समुदायको साझेदारीमा मल्कबाडको इतिहाँस झल्काउने वृत्तचित्र निर्माणका लागि विवरण संकलनका साथै स्थलगत छायाङ्कन तीव्र पारिएको वडाअध्यक्ष छन्त्यालले बताउनुभयो ।

मल्कवाडको शिरमा रहेको उक्त पहाडको टाकुरा पुतलीआकारको भएकाले पुतलीडाँडा नामाकरण भएको स्थानीय दबहादुर छन्त्यालले बताउनुभयो । “चुचुरोमा पुगेर गाउँतिर हेर्दा उड्दै गरेको पुतलीको आकारको पहाडको अनौठो दृष्य देखिन्छ,” उहाँले भन्नुभयो “अनौठो पहाडका साथै सुर्योदय, हिमशृङ्खला र म्याग्दीका अधिकांश पहाडी भूगोलका साथै ग्रामिण बस्तिको अवलोकन गर्न सकिन्छ ।”

गाउँका अग्रज र जेष्ठ नागरिकको भनाइका अधारमा पुतलीडाडाँको विषयमा थप अध्ययन अनुसन्धानका साथै सम्भावनाको उजागर र प्रवर्द्धनमा जुटेको स्थानीय अगुवा भिमप्रसाद छन्त्यालले बताउनुभयो ।

खानी खन्ने परम्परागत पेशा भएका छन्त्याल समुदायको बाहूल्य बसोबास रहेको मल्कबाडका किसानले पुतलीडाडाँ क्षेत्र भएर बर्खायाममा धौलागिरि हिमालको फेदी र रिग बुकी क्षेत्रमा भेडाबाखा तथा गाईभैंसीको घुम्ती गोठ लैजाने चलन रहेको छ । बर्खामा लेकतिर लैजाने घुम्तिगोठ हिउँदयाममा बेशीमा झार्ने गरिन्छ । स्थानीय कृषक बलबहादुर बिकले पुतलीडाँडा, चेमली, भाङ्गे हुँदै धौलागिरि आधार शिविर र मुस्ताङ पनि जान सकिने बताउनुभयो । दृष्यका साथै घोरल, नाउर, घोरललगायत जन्यजन्तुको पनि अवलोकन गर्न सकिने यो क्षेत्र बसन्तयाममा लालीगुराँस फुलेर रङ्गिन बन्ने गर्छ ।

पुतलीडाडाँदेखि धौलागिरि, अन्नपूर्ण, माछापुच्छे, गुर्जा, सिस्ने, चुरेन हिमालको नजिकबाट अवलोकन गर्न सकिन्छ । गुर्जा र धौलागिरि हिमालको आधार शिविर तथा चुरेन हिमालको आइसफलको मनमोहक दृष्य थप आकर्षण हो ।

पुतलीडाडा पुग्न कठिन भएपनि त्यहाँ पुगेपछि दृष्य र शान्त वातावरणले समय बितेको पत्तै नहुने आन्तरिक पर्यटक भिम सापकोटाले अनुभव सुनाउनुभयो। अर्का आन्तरिक पर्यटक रुपक गिरिले म्याग्दीको धेरै पहाड, बस्ति र पृष्ठभूमिको अवलोकन गर्न पाउँदा उकालो यात्राको थकान भुलेको प्रतिक्रिया दिनुभयो ।

धवलागिरी गाउँपालिका-५ को वडा सचिवको जिम्मेवारी सम्हालेका सवइञ्जिनियर सुर्यप्रसाद पोखरेलले विस्तृत परियोजना प्रतिवेदन तयार पारेर क्रमागत रूपमा पूर्वाधार निर्माणका कामलाई अघि बढाउन आवश्यक रहेको बताउनुभयो ।

चिराइतोको मूल्य घटेपछि किसान चिन्तित

भोजपुर । भोजपुरमा चिराइतोको मूल्य घटेपछि किसान तथा व्यवसायी चिन्तित बनेका छन् । गत वर्षको तुलनामा यस वर्ष चिराइतोको मूल्यमा गिरावट आएपछि किसान चिन्तामा परेका हुन् ।

टेम्केमैयुङ गाउँपालिका-१ तिम्माका स्थानीय किसान तथा व्यवसायी उपेन्द्र राउतका अनुसार अहिले चिराइतो प्रतिमन (४० केजी) रु २० हजारका दरले कारोबार भइरहेको छ। गत वर्ष यही समयमा चिराइतो प्रतिमन रु २५ हजारदेखि रु ३० हजारसम्ममा बिक्री हुने गरेको उहाँले बताउनुभयो । गत वर्षको तुलनामा यस वर्ष प्रतिमन रु पाँच हजारदेखि रु १० हजारसम्म मूल्य घटेको उहाँको भनाइ छ ।

उहाँका अनुसार यस वर्ष चिराइतोको उत्पादन भने बढेको छ । टेम्केमैयुङ गाउँपालिका-१ तिम्मा क्षेत्रमा मात्रै करिब ५०० मन चिराइतो उत्पादन भएको उहाँले जानकारी दिनुभयो। उत्पादन बढे पनि बजार मूल्य घटेकाले किसानले अपेक्षाअनुसार आम्दानी लिन नसकेको उहाँको भनाइ छ ।

यस वर्ष हालसम्म आफूले करिब २०० मन चिराइतो सङ्कलन गरिसकेको उहाँले बताउनुभयो । आफ्नै घरमासमेत बिक्रीका लागि करिब १० मन चिराइतो रहेको राउतले बताउनुभयो । उत्पादन भएको चिराइतो बजारमा बिक्री गर्न तयार भए पनि उचित मूल्य नपाउँदा किसानले अपेक्षित लाभ लिन नसकेको उहाँले बताउनुभयो। चीनतर्फको नाका बन्द हुँदा चिराइतोको निकासी तथा बजार कारोबार प्रभावित भएकाले यस वर्ष मूल्य घटेको राउतको भनाइ छ । राउतका अनुसार चिराइतोको बजार माग र बिक्रीको अवस्थाले किसानले पाउने मूल्य निर्धारणमा प्रभाव पार्ने गरेको छ । बजार सहज नहुँदा उत्पादन बढेको अवस्थामासमेत किसानले राम्रो मूल्य पाउन नसक्ने समस्या रहेको उहाँले बताउनुभयो। चिराइतो भोजपुरका पहाडी तथा उच्च पहाडी क्षेत्रमा उत्पादन हुने महत्वपूर्ण जडीबुटीजन्य नगदे बाली हो। यहाँका किसानले व्यावसायिक खेतीसँगै प्राकृतिक रूपमा उम्रिएका चिराइतो सङ्कलन गरेर बिक्री गर्ने गरेका छन् । विशेषगरी ग्रामीण क्षेत्रका किसानका लागि चिराइतो आम्दानीको महत्वपूर्ण स्रोत बन्दै आएको छ । चिराइतोखेती तथा सङ्कलनबाट किसानले खेतीपाती बाहेक अतिरिक्त आम्दानी गर्दै आएका छन् । यसको उत्पादन, सङ्कलन, ओसारपसार र बिक्रीमा स्थानीय व्यवसायीसमेत संलग्न छन्। तर बजार मूल्यमा हुने उतारचढाव तथा निकासीमा देखिने समस्याले किसानको आम्दानीमा प्रत्यक्ष असर पार्ने गरेको छ। स्थानीय किसानले चिराइतोको बजार व्यवस्थापन र उचित मूल्य प्राप्त हुने वातावरण बनाउनुपर्नेमा जोड दिएका छन् । उत्पादनअनुसार बजारको व्यवस्था हुन सके चिराइतोखेतीबाट ग्रामीण क्षेत्रमा अझ आम्दानी बढाउन सकिने किसानहरुको भनाइ छ ।

तरकारीखेतीबाट वीरबहादुरको वार्षिक २५ लाख आम्दानी

कञ्चनपुर । कञ्चनपुरको भीमदत्त नगरपालिका-११ भुजेलाका वीरबहादुर खड्का एक दशकदेखि तरकारीखेती गर्दै आउनुभएको छ । उहाँले सुरुआतमा रु ५०० लगानीमा एक कट्ठा जग्गामा तरकारीखेती गर्नुभयो। उक्त तरकारीखेती बिक्रीबाट रु दश हजार आम्दानी भएपछि खड्काले तरकारीखेती बढाउँदै लग्नुभयो ।



तरकारीखेतीबाट मनग्य आम्दानी हुन थालेपछि खड्काले खेती विस्तार गर्दै हाल तीन बिघा जग्गामा तरकारीखेती उत्पादन गर्दै आउनु भएको छ । विसं २०७२ देखि व्यावसायिक रुपमा तरकारीखेतीमा लाग्नुभएका उहाँले धान गहुँको भन्दा तीन गुणा बढीसम्म फाइदा हुने भएपछि तरकारीखेतीमा लागेको बताउनुभयो ।

“एक कट्ठादेखि सुरुआत गरेको खेती बढाउँदै लगेको थिए, त्यसपछि कोरोना महामारी आयो”, खड्काले भन्नुभयो, “कोरोनाको कारण रोजगारीका लागि भारतमा रहेका दुई छोरा घरमा फर्किए, त्यसपछि तरकारीखेती बढाउँदै लग्यौं ।” खड्काले हाल तीन बिघा जग्गामा तरकारीखेती गर्दै आउनुभएको छ । तरकारीखेतीबाट हुने आम्दानीले घरखर्च सँगै छोराछोरीको पठन-पाठनको खर्चसमेत चलेको उहाँले बताउनुभयो ।

“सागसब्जी बिक्रीबाट सबै खर्च कटाएर वार्षिक रु २५ लाखसम्म आम्दानी हुने गरेको छ”, खड्काले भन्नुभयो, “यसकै आम्दानीले रु २० लाख लगानी गरेर छोरा विदेश पठाए, घर बनाए । पहिला साइकलमा सागसब्जी बजार लग्थे, अहिले तीन मोटरसाइकल जोडेको छु, ५० प्रतिशत अनुदानमा अटोरिक्सा समेत जाडेको छु ।”

दुई जनालाई रु १५ हजार महिनाको तलब दिने गरी तथा ज्यालादारीमा करिब १०० जनाले वर्षभरिमा रोजगारी पाउने गरेका खड्काले बताउनुभयो । बिक्रीका लागि बजारको समस्या नभए पनि खुला सीमानाकाका कारण भारतबाट आउने सागसब्जीले भनेअनुसारको मूल्य नपाइने उहाँको भनाइ छ ।

“भारतबाट आयात हुने सागसब्जीका कारण हामीले उत्पादन गरेको सागसब्जीको सोचेजस्तो मूल्य पाइँदैन”, खड्काले भन्नुभयो, “हाम्रो लागत बढी हुन्छ, सस्तोमा तरकारी बिक्री गर्नुपर्ने बाध्यता छ ।”

खड्काले काउली, बन्दा ब्रोकाउली,आलु, प्याज, भन्टा, खुर्सानी लगायत सागसब्जी उत्पादन गर्ने गरेको बताउनुभयो । “सिजनमा भन्दा पनि अफ सिजनमा सागसब्जी फलाउन सके पर्याप्त आम्दानी हुन्छ”, खड्काले भन्नुभयो, “सरकारले खेतीको बिमाको सुविधा दिएको भए राम्रो हुन्थ्यो ।”

जर्नालिस्ट एसोसिएसन समिति गठन

काठमाडौं । विश्व टेलिभिजन दिवसका अवसरमा काठमाडौंका विभिन्न सञ्चारमाध्यममा कार्यरत भिडियो पत्रकारको भेलाले नेपाल भिडियो जर्नालिस्ट एसोसिएसन तदर्थ समिति गठन गरेको छ ।

काठमाडौंमा शनिबार भएको भेलाले नेपाल टेलिभिजनका भिडियो पत्रकार शिव पङ्नेनीको संयोजकत्वमा ११ सदस्यीय तदर्थ समिति गठन गरेको हो ।

एसोसिएसनको सदस्यमा कान्तिपुर टेलिभिजनका मुरारी घिमिरे, ग्लोबल टेलिभिजनका राजु थापा, न्युज एजेन्सी नेपालका देवानन्द शिल्पकार तथा भिडियो पत्रकारहरु निरनराज वाना, विनोद थापा, सुरेन्द्र श्रेष्ठ, कृष्ण श्रेष्ठ, कुमार मानन्धर, विष्णु पन्थी र कृति पन्त रहनुभएको छ । तदर्थ समितिका संयोजक पङ्नेनीले नेपालभर व्यावसायिक रुपमा काम गर्ने भिडियो पत्रकारलाई सङ्गठित बनाई उनीहरुको पेसागत हकहित, अधिकार र व्यावसायिक सुरक्षाका लागि संस्था गठन गरिएको कुरा बताउनुभयो। फोटो पत्रकार समूहका अध्यक्ष प्रदिपराज वन्तले अहिलेको युग मल्टिमिडियाको भएकाले फोटो तथा भिडियो पत्रकारिताको क्षेत्रमा काम गर्ने सबै एकजुट हुन आवश्यक रहेको बताउनुभयो ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com